विशेष इजलास

१.

**सं.प्र.न्या.श्री मीनबहादुर रायमाझी, मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गौरी ढकाल,** ०६४-WS-०००३, उत्प्रेषण समेत, *अच्यूतप्रसाद खरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

संविधानसँग असंगत ऐन र मातृ ऐनसँग नियमको व्यवस्थाले कानूनले मान्यता प्राप्त सक्दैन । संविधान अन्तर्गत बनाइएका विधायिकी कानून र विधायिकी कानूनको अधिकार प्रत्यायोजन अन्तर्गत बनाइएका नियमहरू क्रमशः संविधान र मातृ ऐनको प्रावधानसँग तादाम्यता राख्ने हुनुपर्ने ।

स्वच्छ सुनुवाई र कारणसहितको निर्णय (Reasoned Decision) न्यायका आधारभूत मान्यता हुन् र यही मान्यताका आधारमा अहरणीय रुपमा रहेको स्वच्छ सुनुवाईको विषयलाई संविधान र कानूनले समेत कटौति गर्न मिल्दैन । जघन्य र अमानवीय प्रकृतिको कसूर गरेको अभियोग लागेका अभियुक्तलाई पनि सुनुवाईको मौका प्रदान गरी आधार कारण सहितको निर्णयबाट दोषि ठहर गर्नुपर्ने न्यायिक मूल्य र मान्यता यसै सिद्धान्तबाट निःश्रृत भएको हो । न्यायिक प्रक्रिया भन्नासाथ स्वच्छ सुनुवाईको अवसर र कारण सहितको निर्णय अनिवार्य रुपमा अगाडि आउँदछ र न्यायिक प्रक्रियाको आत्माको रुपमा रहेका यी तत्वका अभावमा भए गरिएका कामकारवाहीलाई न्यायिक काम कारवाहीको संज्ञा दिन नमिल्ने ।

इजलास अधिकृत : कृष्णराम कोइराला

इति संवत् २०६६ साल बैशाख ३१ गते रोज ५ शुभम् ।

२

**सं.प्र.न्या.श्री मीनबहादुर रायमाझी, मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गौरी ढकाल,** ०६५-WS-०००६, उत्प्रेषणयुक्त परमादेश, *नाप इन्टरनेशनल प्रा.लि. समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

समय अनुकूल नरहेका व्यवस्था वा प्रावधानलाई परिमार्जन गरी राज्यले संविधानको भावना विपरीत नहुने गरी कानून बनाउन सक्ने नै हुन्छ । संशोधित कानून आउनु भन्दा पहिले बैदेशिक रोजगार सञ्चालन गर्न पाउने गरी दर्ता भएका व्यवसाय, व्यवसाय दर्ता हुँदाका बखतको व्यवस्था विपरीत हुने गरी कानून निर्माण गर्न नहुने भन्ने भनाई उचित मान्न नसकिने ।

पहिल्यै दर्ता भैसकेको वैदेशिक रोजगार ऐन, २०६४ को दफा ११(२) मा भएको वैदेशिक रोजगार व्यवसायीले राख्नु पर्ने धरौटसम्बन्धी आर्थिक व्ययभार र वैदेशिक रोजगार ऐन, २०४२ तथा बैदेशिक रोजगार नियमावली, २०५६ मा भएको वैदेशिक रोजगार व्यवसायले राख्नुपर्ने धरौटसम्बन्धी आर्थिक व्ययभारमा खासै ठूलो अन्तर नदेखिएको, संशोधित ऐनले ३० लाख नगदै वा ७ लाख नगर र २३ लाख रुपैयाको बैंक ग्यारेण्टि राख्नु पर्ने गरी भएको व्यवस्था रोजगारीमा जाने व्यक्तिको हकहित एवं वैदेशिक रोजगार व्यवसायलाई व्यवस्थित र मर्यादित बनाउने उद्देश्य साथ गरिएको देखिन आएको एवं वैदेशिक रोजगार ऐन, २०६४ को दफा ११(३) अन्तरिम संविधान, २०६३ को धारा १२(१)(२)(३) र धारा १३, १८ र १९ सँग वाझिएको अवस्था नदेखिँने ।

इजलास अधिकृत : कृष्णराम कोइराला

इति संवत् २०६६ साल बैशाख ३१ गते रोज ५ शुभम् ।

**३**

**सं.प्र.न्या.श्री मीनबहादुर रायमाझी, मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** रिट नं. २०६५-WS-०००८, बाझिएको श्रम ऐनको दफा ८८ अमान्य घोषित गरिपाऊँ, *सन्तोष बस्नेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत*

सरकारको पूर्ण वा आंशिक स्वामित्वमा रहेको प्रतिष्ठानमा काम गर्ने कर्मचारी र कामदार एउटै अवस्था र हैसियतका नभई उनीहरूको काम, कर्तव्य र अधिकार तथा कार्यसम्पादनको लागि आवश्यक पर्ने ज्ञान, सीप, योग्यता नै फरक-फरक देखिएकोले छुट्टाछुट्टै कानूनबाट सेवा शर्त निर्धारण गरिएको विषयबाट संविधानप्रदत्त समानताको हक उल्लंघन भएको नदेखिएको र फरक-फरक वर्गका कामदार र कर्मचारी सम्बन्धमा भिन्न-भिन्न कानूनमार्फत् सेवा शर्त निर्धारण गरिएको श्रम ऐन, २०४८ को दफा ८८ को व्यवस्थाबाट संविधानप्रदत्त उचित श्रम अभ्यासको हक समेत हनन् भएको नदेखिने ।

इजलास अधिकृत : नारायण सुवेदी

कम्प्युटर : सीता गुरुङ्ग

इति संवत् २०६६ साल असार १८ गते रोज ५ शुभम् ।

**४.**

**मा.न्या.श्री अनूपराज शर्मा, मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री सुशीला कार्की,** रिट नं. २०६५-WS-०००७, उत्प्रेषण समेत, *माधुरी कर्ण समेत वि. कृषि विकास बैंक लिमिटेड मुख्य कार्यालय समेत*

कृषि विकास बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली, २०६२ को विनियम ६ उपविनियम (३क) ले पदपूर्ति गर्दा सम्बन्धित पदको लागि तोकिएको आवश्यक न्यूनतम् शैक्षिक योग्यताका अतिरिक्त बैंकको सेवालाई आवश्यक विषयमा वाञ्छनीय योग्यता समेत तोक्नसक्नेसम्मको व्यवस्था गरेको र सो प्रावधान के कुन पदमध्ये के कति संख्याको कुन वर्ग वा समुदायका लागि छुट्याई त्यही वर्ग वा समुदायका बीचमा प्रतिस्पर्धा गराउने भन्ने विषयसँग सम्बन्धित नै देखिँदैन । सो प्रावधानले त केवल निर्धारित गरिएको पदका लागि वाञ्छनीय योग्यता तोक्नसक्नेसम्मको व्यवस्थामात्रै गरेको हुँदा समानुपातिक समावेशी सिद्धान्तसँग असम्बन्धित प्रावधानलाई जोडेर त्यसको संवैधानिकता परीक्षण गर्न नमिल्ने ।

इजलास अधिकृत : उमेश कोइराला

इति संवत् २०६६ साल भदौ २५ गते रोज ५ शुभम् ।

**५.**

**मा.न्या. श्री रामप्रसाद श्रेष्ठ, मा.न्या. श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री प्रकाश वस्ती,** २०६५ सालको WS-००१८, उत्प्रेषण, *अच्यूतप्रसाद खरेल वि. कानून न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालय समेत*

स्वास्नी मानिसले सम्बन्धविच्छेद् मुद्दा दायर गर्दा जीविकाको निमित्त मासिक खर्च वा अंशतर्फ समेत दावी गर्ने वा सोतर्फ मिलापत्र गर्ने वा दावी छाड्न सक्ने कुरा निज स्वास्नी मानिसको नितान्त स्वेच्छामा निर्भर रहने विषय भएकोले जिल्ला अदालत नियमावलीमा भएको व्यवस्थाबाट सम्बन्धविच्छेद गर्न मुद्दा दायर गर्ने स्वास्नी मानिसलाई प्राप्त हकमा प्रतिकूल असर परेको भन्न नमिल्ने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

कम्प्युटरः सीता गुरुङ्ग

इति संवत् २०६६ साल भदौ ११ गते रोज ५ शुभम् ।

**इजलास नं.२**

**मा.न्या. श्री रामप्रसाद श्रेष्ठ र मा.न्या. श्री रणबहादुर बम,** २०६५ सालको दे.पु.नं. ०५८८, निर्णय बदर हक कायम समेत, *सेमन्तराज चापागाई समेत वि. बसलाल कपाली समेत ।*

मोहियानी हकको तेरो मेरोसम्बन्धी विवादको निर्णय गर्ने अधिकार भूमिसम्बन्धी ऐन, २०२१ को दफा ३१क(१) बमोजिम भूमिसुधार अधिकारीलाई हुने ।

इजलास अधिकृतः हरि कोइराला
कम्प्युटरः बेदना अधिकारी
इति संवत् २०६६ साल साउन २० गते रोज ३ शुभम् ।

**इजलास नं.३**

१.

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री राजेन्द्रप्रसाद कोइराला,** २०५९ सालको दे.पु.नं. ८१३६, अंश दर्ता, *मोहनलाल सर्राफ समेत वि. ओमप्रकाश सर्राफ समेत,*

संगोलमा रहँदाको अवस्थामा खरिद गरिएको सम्पत्ति वण्डा नलाग्ने हो भनी जिकीर लिनेले अंशवण्डाको १८ नं. बमोजिम आफ्नो निजी ज्ञान वा सीप आर्जनबाट खरिद गरेको हो भन्ने कुराको प्रमाण पुऱ्याएमा मात्र त्यस्तो सम्पत्ति अन्य अंशियारलाई वण्डा नलाग्ने ।

इजलास अधिकृत : नेत्रप्रकाश आचार्य
कम्प्युटरः विश्वराज पोखरेल
इति संवत् २०६६ साल असार २४ गते रोज ४ शुभम् ।

२.

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६२ सालको दे.पु.नं. ९७७३, भोग बन्धकी मोही लगत कट्टा, *रामाश्रे महतो कोइरी समेत वि. कपिलदेव सहनी*

फिल्डबुकमा भोगबन्धकी जनिएको र भोग बन्धकी लिखत भएको भन्ने कारणले मात्रै मोहियानी हक समाप्त हुने अवस्था भूमिसम्बन्धी ऐन, २०२१ ले गरेको नदेखिने ।

इजलास अधिकृत : अर्जुन अधिकारी
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल जेठ १ गते रोज ६ शुभम् ।

३..

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६१ सालको दे.पु.नं. ९०७०, कुत दिलाई मोही निष्कासन, *देवलाल सरदार वातर वि. लक्ष्मी साह*

भूमिसम्बन्धी ऐन, २०२१ को २०५३।९।२४ मा भएको चौथो संशोधनले मोही लागेको जग्गा मोही र जग्गाधनीबीच बाँडफाँड गर्न सकिने कानूनी व्यवस्था गरिसकेको सन्दर्भमा मोही लागेको जग्गाको आधा जग्गामा मोहीको हक सुरक्षित गर्ने भन्ने ऐनको मनसाय रहेकोले उक्त संशोधित कानूनी व्यवस्था २०५३ सालमा नै लागू भै सकेकोमा सो भन्दा पछि २०५८ सालको बालीमा दावी गरेको देखिँदा भूमिसम्बन्धी ऐन, २०२१ मा भएको चौथो संशोधनको कानूनी व्यवस्था विपरीत कुत नबुझाएको भन्ने आधारमा मोहीलाई मोहियानी हकबाट निष्काशन गर्न न्यायसंगत एवं संशोधित कानूनी व्यवस्थाको भावना अनुकूल नहुने ।

इजलास अधिकृत : अर्जुन अधिकारी
कम्प्युटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल जेठ १ गते रोज ६ शुभम् ।

४.

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको दे.पु.नं. ०७७६, अवैध मोही लगत कट्टा, *बन्तीसाह कानू वि. शान्तिदेवी राजपुतनी*

नापीमा फिल्डबुकको आधारमा तयार भएको जग्गाधनी प्रमाण पूर्जामा मोही अङ्कित भएकै कारणले मोहियानी कायम हुने अवस्था भूमि सम्वन्धी ऐन, २०२१ ले गरेको नदेखिने ।

इजलास अधिकृत : अर्जुन अधिकारी

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल जेठ १ गते रोज ६ शुभम् ।

५

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०५७ सालको दे.पु.नं. ६३०१, ६९६५, हदवन्दी जग्गा लुकाएको, *भूमिसुधार कार्यालय सप्तरी वि. प्रेमकुमार झा शान्ति लक्ष्मीदेवी ब्राम्हणी वि. भूमिसुधार कार्यालय सप्तरी*

पुनरावेदकका बाबु कुशेश्वरका उपर समेत छुट्टै हदवन्दीसम्बन्धी मुद्दा चली निर्णय भै सकेको स्थितिमा भूमिसम्बन्धी ऐन, २०२१ लागू हुँदाका अवस्थामा नावालक नै रहेकी यी पुनरावेदक शान्ति लक्ष्मीदेवीका नाममा भरिएको ७ नं. फाँटवारीले मान्यता प्राप्त गर्न नसक्ने ।

इजलास अधिकृत : नेत्रप्रकाश आचार्य

कम्प्युटर : विश्वराज पोखरेल

इति संवत् २०६६ साल असार २२ गते रोज २ शुभम् ।

६.

**मा.न्या. श्री खिलराज रेग्मी र मा.न्या. श्री कृष्णप्रसाद उपाध्याय,** २०५९ सालको दे.पु.नं. ८९४३, फैसला बदर, खिचोला मेटाई चलन, *लक्ष्मी नारायण शुक्ला वि. अमृतादेवी शुक्लाइन समेत*

प्रतिउत्तर नफिराई एकतर्फी फैसला भएकोमा प्रस्तुत मुद्दामा दिएको प्रतिउत्तर लेखबाट अ.बं.२०८ नं. मा भएको व्यवस्थाबमोजिम निजले प्रतिउत्तर नफिराई सो फैसला अन्तिम रहिरहेको अवस्थामा निजकी पत्नी तथा छोराहरूले अ.बं. ८६ नं. बमोजिम प्रस्तुत मुद्दाको फिराद दिने हकदैया समेत रहे भएको देखिन नआउने ।

इजलास अधिकृत : नेत्रप्रकाश आचार्य

कम्प्युटरः विश्वराज पोखरेल

इति संवत् २०६६ साल असार २३ गते रोज ३ शुभम् ।

७

**मा.न्या.श्री खिलराज रेग्मी र मा.न्या.श्री प्रेम शर्मा,** २०६५ सालको फौ.पु.नं.०३४८, ०३४९, भष्ट्राचार, *विजयनाथ भट्टराई वि. नेपाल सरकार, सुरेन्द्रमान प्रधान वि. नेपाल सरकार*

वस्तुतः शंकाहरूको आधारमा मात्र सम्झौता कपटपूर्ण वा काल्पनिक हो भनी ठहराउनु वा निष्कर्ष निकाल्नु न्यायपूर्ण हुन सक्दैन । सम्झौता नै वदनियतपूर्ण काल्पनिक व्यक्तिहरूद्वारा हस्ताक्षर गरिएको हो भन्ने अभियोग दावी शंकारहीत तवरबाट प्रमाणित हुन सकेको छैन भन्ने एक न्यायाधीशको राय हुँदा सम्झौता काल्पनिक वा कपटपूर्ण हो भन्ने कुरा स्वतः सिद्ध नहुने ।

सम्झौताबमोजिम M/S IEF Ine ले ७ जना परामर्शदाता उपलव्ध गराउन नसकेको अवस्थामा विश्व बैंकको सहमति लिई ५ जना परामर्शदाताहरूबाट Inception Report तयार गरेको भन्ने देखिँदा काम नभई भुक्तानी दिएको भन्ने आरोप युक्तिसंगत देखिएन । सम्झौता बमोजिम Work Plan पेश नगरी गरेको काम वापत भुक्तानी दिन नमिल्ने भन्ने जिकीरका सम्बन्धमा Inception Report मात्र तयार भएको अवस्थामा सम्झौता नै भंग भई अन्य

काम अगाडि नबढेको अवस्थामा Work plan बन्ने अवस्थै भएन ।

दातृ निकायले नै भुक्तानी प्रक्रियालाई समर्थन गरेको अवस्थामा वदनियतपूर्ण ढंगले रकम भुक्तानी दिएको भन्न मिलेन । किनकी राष्ट्र बैंकले विश्व बैंकबाट प्राप्त गर्ने सहयोग रकम आफूखुशी आफै खर्च गरेको नभई भुक्तानी दिएको रकम विश्व बैंकबाट स्वीकृत भई सोधभर्ना आएको अवस्था हुँदा संस्थाको रकम दुरुपयोग गरी भ्रष्टाचार गरेको भन्ने तथ्य प्रमाणित हुन नसक्ने ।

इजलास अधिकृत : माधव प्रसाद अधिकारी
कम्प्यूटर : विश्वराज पोखरेल
इति संवत् २०६६ साल असार ३१ गते रोज ४ शुभम् ।

**इजलास नं.४**

१.

**मा.न्या.श्री बलराम के.सी. र मा.न्या.श्री ताहिर अली अन्सारी,** २०६२ सालको रिट नं. ३२१०, उत्प्रेषण मिश्रित परमादेश, *मानकुमार प्रधान वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेत*

भूमिहीन, आयस्रोतहीन र वासस्थानहीन व्यक्तिहरूको लागि उपलब्ध गराउने Public Trust Doctrine ले Guide गर्ने सार्वजनिक सम्पत्ति जानाजान झूठ्ठा व्यहोरा र विवरण दिई आफ्नो नाममा पनि जग्गा दर्ता गराउने कार्य निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० को पदअनुसारको आचरणविपरीतको कार्य मात्र नभई नेपाल कानून जानीजानी पालना नगरी आफूलाई फाइदा र सरकारलाई हानि हुने कार्य भ्रष्टाचारजन्य हुने ।

इजलास अधिकृत : कृष्णप्रसाद सुबेदी
इति संवत् २०६६ साल बैशाख ३१ गते रोज ५ शुभम् ।

२.

**मा.न्या.श्री बलराम के.सी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६२ सालको दे.पु.नं. ९७५०, लेनदेन, *मीरादेवी दास समेत वि. सुखदेव यादव*

प्रमाण ऐन, २०३१ को दफा ३६ ले कारणीको अरु कुनै लिखतमा परेको हस्ताक्षर वा सहीछापसँग विवादित लिखतको सहिछाप भिडाई यकीन गर्नसक्ने कुरालाई पनि मान्यता दिइरहेको अवस्थामा प्रतिवादीले गरिदिएको वारेसनामामा लागेको हस्ताक्षर सहिछापसँग विवादित भर्पाइमा लागेको सहिछाप/हस्ताक्षर भिडाई जाँच गराई यकीन गरेको कार्यलाई कानूनी त्रुटि भएको भन्न नसकिने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी
कम्प्युटरः सीता गुरुङ्ग
इति संवत् २०६६ साल असार २२ गते रोज २ शुभम् ।

३.

**मा.न्या.श्री बलराम के.सी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६१ सालको रिट नं. ३५०५, उत्प्रेषणयुक्त परमादेश, *रामबहादुर अधिकारी वि. द टिम्बर कर्पोरेशन अफ नेपाल लिमिटेड बबरमहल काठमाडौं समेत*

२०५३ सालमा कर्पोरेशनले सहायकस्तरका कर्मचारीका लागि लागू गरेको सावधिक जीवन वीमा योजनामा निवेदक आफू सरिक भएको थिए भनी त्यसको आधार प्रमाण पेश गर्न सकेको पाइएन । सो अवस्थामा निवेदकले अवकास पाई पदबाट वाहिर रहेको देखिन्छ । सो योजनामा सरिक भै प्रिमियम नतिरेका निवेदकले सोबापतको रकम पाउन र दावी गर्नसक्ने कुनै कानूनी आधार रहे भएको नदेखिने ।

इजलास अधिकृत : नारायण रेग्मी
इति संवत् २०६६ साल असार २२ गते रोज २ शुभम् ।

४.

**मा.न्या.श्री बलराम के.सी र मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,** २०६४ सालको रिट नं. २०६४-WO-१०३५, उत्प्रेषणमिश्रित परमादेश समेत, *विश्वनाथ पोद्दार वि. वन तथा भूसंरक्षण मन्त्रालय समेत*

धरौटी राख्दा बढी भएको रकम रु १,५०,०००।- सुरक्षण वा जमानतबापत राखेको भन्ने नदेखिएको र सम्झौताबमोजिम निवेदकले फिर्ता माग गर्न पाउने देखिँदा सो रकम निवेदक उद्योगले जुनसुकै बेला फिर्ता पाउने ।

इजलास अधिकृत : नारायण रेग्मी

कम्प्युटरः सुदिप पंज्ञानी

इति संवत् २०६६ साल असार २२ गते रोज २ शुभम् ।

५.

**मा.न्या.श्री बलराम के.सी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६२ सालको रिट नं.३७२९, उत्प्रेषण परमादेश,*गंगाराम यादव वि. शिक्षा तथा खेलकूद मन्त्रालय केशरमहल काठमाडौं समेत,*

शिक्षा नियमावलीको नियम ९३(५) को प्रतिवन्धात्मक वाक्यांशले समेत सुनुवाइको मौका दिनुपर्ने भनी व्यवस्था गरिराखेको सन्दर्भमा निवेदकलाई कुनै जानकारी वा पूर्व सूचना नदिई प्रधानाध्यापक पदबाट हटाउने गरी भएको निर्णय प्राकृतिक न्यायको सिद्धान्तसमेतको प्रतिकूल देखिने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी

कम्प्युटरः नारायणप्रसाद आचार्य

इति संवत् २०६६ साल असार १७ गते रोज ४ शुभम् ।

यस्तै प्रकृतिका निम्न मुद्दाहरूमा पनि यसैअनुरूप निर्णय भएका छन् :

- २०६३ सालको रिट नं.२०६३-WO-०९९२, उत्प्रेषण समेत, *सूर्यमाया धुकुछु वि. भूमिसुधार कार्यालय भक्तपुर समेत*
- २०६३ सालको रिट नं. २०६३-WO-०४६७, उत्प्रेषण समेत, *दुर्गानन्द चौधरी वि.मणिराम चौधरी समेत*

६.

**मा.न्या.श्री बलराम के.सी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको रिट नं. ०६३-WO-००३३, उत्प्रेषण समेत, *भैरबबहादुर खत्री वि. विष्णु गजुरेल खत्री समेत*

फैसलाले आफ्नो मोही हकलाई प्रतिकूल असर पारेको भए सो फैसला पुनरावलोकनको लागि कानूनी मार्ग अवलम्बन गरिपाऊँ भन्ने कुनै उजूर बाजूर नगरी बसी फैसला कार्यान्वयन भएपछि मात्र सो फैसलाको बैधानिकताका सम्बन्धमा प्रश्न उठाई प्रस्तुत रिट निवेदन गर्न आएको देखिँदा निवेदक सफा हात र हृदय लिई अदालत प्रवेश गरेको नदेखिँदा रिट खारेज हुने ।

इजलास अधिकृत : नारायण रेग्मी

कम्प्युटरः सुदिप पंज्ञानी

इति संवत् २०६६ साल असार २५ गते रोज २ शुभम् ।

७.

**मा.न्या.श्री बलराम के.सी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको रिट नं. ३५४१, उत्प्रेषण समेत, *बच्चुराम थापा वि. जिल्ला विकास समितिको कार्यालय दोलखा समेत*

सम्झौता गर्न तोकिएको समयमा बोलपत्र स्वीकृत भएको व्यक्ति सम्झौता गर्न नगएपछि विपक्षीले अर्को ठेक्का बन्दोवस्त गर्न पर्ने पनि हुन्छ र बोलपत्र स्वीकृत भएको व्यक्तिबाट सम्झौता गर्न नगई हुनसक्ने यस्तो धोकाको लागि नै Penalty स्वरुप धरौटी जफत हुने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम

इति संवत् २०६६ साल फागुन ५ गते रोज ५ शुभम् ।

८.

**मा.न्या.श्री बलराम के.सी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको रिट नं. २०६४-WO-०३७७, उत्प्रेषण समेत, *अरुणचन्द्र पोखरेल वि. भूमिसुधार कार्यालय काठमाडौं समेत*

भूमिसुधार कार्यालयले बाँडफाँडको निर्णय गर्दा मोही र जग्गाधनी प्रत्येकलाई आधा-आधा हुने गरी बाँडफाँड गरी बाँकी रहेको जग्गा बाटोको रुपमा प्रयोग गर्ने गरी स्पष्ट किटान गरी निर्णयमा उल्लेख गरेको पाइनाले सो निर्णयमा कानूनी त्रुटि विद्यमान छ भन्न नसकिने ।

इजलास अधिकृत : नारायण रेग्मी

कम्प्युटरः सुदिप पंज्ञानी

इति संवत् २०६६ साल असार २५ गते रोज २ शुभम् ।

९.

**मा.न्या.श्री बलराम के.सी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको रिट नं. २०६३-WO-१०८३, उत्प्रेषण परमादेश, *शान्तिदेवी कोइरी वि. किसनलाल दास तत्मा समेत*

आफ्नो घर बसोबास रहेको कि.नं. १०१ को जग्गाको फिल्ड बुक उतार जग्गाधनी प्रमाण पत्र, मोहियानी हकको प्रमाणपत्र र भूमिसुधार कार्यालयबाट भएको स्थलगत सर्जमिन मुचुल्का समेतबाट निवेदकको घर भएको नदेखिएबाट नरम गरम मिलाई उक्त भूमिसुधार कार्यालयबाट जग्गा बाँडफाँड गरेको निर्णय मनासिव देखिने ।

इजलास अधिकृतः महेन्द्रप्रसाद पोखरेल

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६६ असार ११ गते रोज ५ शुभम् ।

१०.

**मा.न्या.श्री बलराम के.सी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको रिट नं. २०६३–WO-०९९१, उत्प्रेषण समेत, *लक्ष्मी ज्याख्वा वि. भूमिसुधार कार्यालय भक्तपुर समेत*

कुनै मुद्दामा निस्कने परिणामलाई अर्को मुद्दामा निस्कने परिणामले असर पार्छ भने त्यस्तो असर पार्ने मुद्दाको निर्णय भएपछि मात्र अर्को मुद्दाको निर्णय गर्नुपर्ने ।

इजलास अधिकृत : नारायण रेग्मी

कम्प्युटरः सुदिप पंज्ञानी

इति संवत् २०६६ साल असार २५ गते रोज ५ शुभम् ।

११.

**मा.न्या.श्री बलराम के.सी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको दे.पु.नं. २६१ (२०६४-CI-०२६१(), निषेधाज्ञा, *रामचन्द्र साह तेली वि. सखिचन महरा चमार समेत*

निवेदकसमेतको रोहवरमा बाटोघाटो सुधार गर्ने सम्बन्धमा उपभोक्ता भेला भई प्रस्ताव पारित भएको मिसिल संलग्न उपभोक्ता भेलाको निर्णयको फोटोकपीबाट देखिँदा विपक्षीहरूले निवेदकको घर जवर्जस्ती तोडफोड गर्ने आशंका भएको भन्ने नदेखिने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६६ असार ११ गते रोज ५ शुभम् ।

- यस्तै प्रकृतिको २०६४ सालको फौ.पु.नं. १५४ (२०६४-CR-०१५४), अदालतको अवहेलना, *रामचन्द्र साह तेली वि. सखिचन महरा चमार समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

१२.

**मा.न्या.श्री बलराम के.सी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको रिट नं. २०६३-WO-९८२, परमादेश, *राजेशप्रसाद रौनियार वि. जिल्ला प्रशासन कार्यालय सर्लाही समेत*

सार्वजनिक चासोका विषयमा निवेदकले उत्सुकता देखाई दिएको उजूरीलाई निजको वैयक्तिक हक वा निजलाई संविधानद्वारा प्रदत्त हकमा आघात नभएको भन्ने जस्ता तर्क र आधारमा हकदैयाविहीन रिट निवेदन हो भनी अर्थ गर्नु वा विपक्षीहरूको भनाईलाई मान्ने हो भने सार्वजनिक हित, सरोकारका विषयको संरक्षण र सम्वर्द्धन हुन नसक्ने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी

कम्प्युटरः नारायणप्रसाद आचार्य

इति संवत् २०६६ साल असार १७ गते रोज ४ शुभम् ।

- यस्तै प्रकृतिको २०६२ सालको रिट नं.३०९०, उत्प्रेषण परमादेश, *योग्यनारायण राय वि. जिल्ला शिक्षा कार्यालय सर्लाही समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

१३.

**मा.न्या.श्री बलराम के.सी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६२ सालको रिट नं. २७२९, प्रतिषेध समेत, *डा. मधुरा कार्की वि. त्रिभुवन विश्वविद्यालय सेवा आयोग काठमाडौं समेत*

स्तर निर्धारण र मान्यताका विषयमा कुनै निर्णय नगरी लामो समयसम्म राखिरहँदा निवेदिकाले समानताको आधारमा प्रतिस्पर्धामा भाग लिन पाउने मौलिक हकमा असर पर्दछ भने विपक्षीहरूले आफूले समयमै गर्नुपर्ने काम अनावश्यक ढिलाई गरी अख्तियारको दुरुपयोग गरेको सम्झनु पर्ने ।

इजलास अधिकृत : नारायण रेग्मी

कम्प्युटरः सुदिप पंज्ञानी

इति संवत् २०६६ साल असार १६ गते रोज ३ शुभम् ।

१४.

**मा.न्या.श्री बलराम के.सी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६१ सालको रिट नं. ३४६२, उत्प्रेषण परमादेश, *सुनिलकुमार यादव वि. शिक्षा तथा खेलकूद मन्त्रालय समेत*

एउटाको हक प्रचलन वा संरक्षण गर्ने नाममा अर्को पक्षको हक अधिकारमा आघात पुऱ्याउनु पनि हुँदैन । निर्णय गर्ने अधिकारीले कानूनले तोकेको कार्यविधि पूरा गरी सद्विवेकसाथ (Good Faith ) को आधारमा निर्णय गर्नुपर्ने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी

कम्प्युटरः निर्मला भट्ट

इति संवत् २०६६ साल असार १७ गते रोज ४ शुभम् ।

१५.

**मा.न्या.श्री बलराम के.सी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६३ सालको रिट नं. २०६३-WO-०५९७, उत्प्रेषण समेत, *सानुमैया श्रेष्ठ वि. ६ नं. नापी गोश्वारा, बसुन्धरा काठमाडौं*

दावीका जग्गामा तीन पक्षको बीचमा तेरोमेरोसम्बन्धी प्रश्न उठेमा तत्काल प्राप्त प्रमाणबाट जसको बलियो प्रमाण छ, उसैका नाममा अदालतबाट अन्तिम निर्णय भएबमोजिम हुने गरी अस्थायी दर्ता गरिदिनुपर्ने विपक्षी ६ नं. नापी गोश्वाराका नापी अधिकृतको कानूनी कर्तव्य ( Legal Duty) हुने ।

इजलास अधिकृत : नारायण रेग्मी

कम्प्युटरः सुदिप पंज्ञानी

इति संवत् २०६६ साल असार २५ गते रोज २ शुभम् ।

१६.

**मा.न्या.श्री बलराम के.सी र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६५ सालको रिट नं. २०६४-WO-१०७५, उत्प्रेषण, *बिमलप्रसाद हेमचुरी वि. पुनरावेदन अदालत बुटवल समेत*

मुचुल्का भएको २२ दिनपछि उजूरी दिएको देखिदा द.स.को ६१ नं.को हदम्यादभित्रको उजूरी भन्न नमिल्ने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल

इति संवत् २०६६ साल असार ११ गते रोज ५ शुभम्

- यस्तै प्रकृतिको २०६५ सालको रिट नं. २०६४-WO-१०७६, उत्प्रेषण, *बिमलप्रसाद हेमचुरी वि. पुनरावेदन अदालत बुटवलसमेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

१७.

**मा.न्या.श्री बलराम के.सी र मा.न्या.श्री रणबहादुर बम,** २०६२ सालको रिट नं. ३२१५, परमादेश, *श्यामकिशोरलाल कर्ण वि. सञ्चालक समिति जनकपुर चुरोट कारखाना लि. जनकपुर समेत*

कानूनले नदिएको सुविधा दिनु भन्ने आदेश Per Incuriam आदेश हो । त्यस्तो Per Incuriam आदेशलाई समानस्तरको इजलास अर्थात् Coordinate Bench ले पनि Ignore गर्न सक्छ । त्यस्तो Per Incuriam फैसलाले संविधानको धारा ११६ को नजीरको स्वरुप लिन सक्दैन । कानूनी व्यवस्था विपरीतको फैसला जसलाई Ignorance of Statute वा Per Incuriam फैसलासँग राय नमिलेको भनी पूर्ण इजलासमा पनि पठाउन नपर्ने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पोखरेल

इति संवत् २०६६ साल जेठ १७ गते रोज १ शुभम् ।

१८.

**मा.न्या.श्री बलराम के.सी र मा.न्या.श्री अवधेशकुमार यादव,** २०६३ सालको रिट नं. २०६३-WO-०४८०, उत्प्रेषण परमादेश, *राजनकुमार वि.सी.समेत वि. लोकसेवा आयोग केन्द्रीय कार्यालय समेत*

एउटा विज्ञापनअनुसार परीक्षामा सामेल भएपछि अर्को विज्ञापनअनुसारको परीक्षामा सामेल हुन नपाउने वा पछिल्लो विज्ञापनबमोजिम सुविधा नपाउने भनी व्याख्या गर्नु न्यायोचित नहुने ।

ऐनमा भएको एउटा दफाको व्याख्या गर्दा अर्को दफाको व्यवस्थालाई प्रयोजनहीन बनाउने गरी व्याख्या गर्न मिल्दैन । एक दफाअन्तर्गतको कुनै खण्डको व्याख्या गर्दा सोअन्तर्गतको सबै उपदफा वा खण्डहरुको व्याख्या गर्नुपर्छ । त्यस्तै परिच्छेद्अन्तर्गतका विभिन्न दफाहरूको पनि सप्रसँग व्याख्या गर्नुपर्ने हुन्छ । अदालतले व्याख्या गर्दा उदार र फराकिलो व्याख्या गर्नु उपयुक्त र न्यायोचित हुने ।

इजलास अधिकृत : नारायणप्रसाद रेग्मी

कम्प्युटरः नारायणप्रसाद आचार्य

इति संवत् २०६६ साल भदौ ९ गते रोज ३ शुभम् ।

- यस्तै प्रकृतिको २०६३ सालको रिट नं. २०६३-WO-०५९०, परमादेश, *राजेन्द्रप्रसाद पौडेल समेत वि. लोक सेवा आयोग केन्द्रीय कार्यालय काठमाडौं समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

१९.

**मा.न्या.श्री बलराम के.सी र मा.न्या.श्री गिरीशचन्द्र लाल**, २०६३ सालको रिट नं. WO-००७८, उत्प्रेषण समेत, *रजोजमान श्रेष्ठ वि. सिराहा जिल्ला अदालत तहसिल शाखा समेत,*

पुनः लिलाम गर्दा पनि कसैले लिलाम सकार नगरेमा मात्र वित्त कम्पनी ऐन, २०४२ को दफा ४८(७) अनुसार कम्पनी आफैले त्यस्तो सुरक्षण सकार गरी असूल गरी उक्त लिलाम वा आफैले सकार गरेपश्चात् पनि असूल हुन नसकी बाँकी रहेको ऋण वा व्याज मात्र दफा ४८(३) अनुसार ऋणीको अरु जायजेथाबाट लिलाम गरी असूल उपर गर्न सक्ने ।

इजलास अधिकृत : उपेन्द्रप्रसाद गौतम

कम्प्युटरः सुदिप पंज्ञानी

इति संवत् २०६६ साल फागुन ८ गते रोज ५ शुभम् ।

**इजलास नं ६**

१.

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६१ सालको दे.पु.नं.९२५६, जग्गा खिचोला चलन, *खैरुन खातुन मियाँ वि. इन्द्रकुमारी साहुनी समेत*

वादीले भोग गरेको विवादित कि.नं. ६२ को जग्गा १० (दश) धुरमात्र भोग गर्नुपर्नेमा ११.१/४ धुर जग्गा अर्थात् १.१/४ धुर जग्गा बढी नै भोग गरिरहेको र उत्तर नापतर्फ १८ फीटमात्र भोग गर्नुपर्नेमा २० फिट भोग गरिरहेको देखिँदा पुनरावेदक वादीले आफूले राजीनामा लिखतबाट प्राप्त गरेको क्षेत्रफलभन्दा बढी हुन गएको जग्गामा वादीको हक पुग्न नसक्ने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल

कम्प्युटर : भवानी ढुंगाना

इति संवत् २०६६ साल असार २ गते रोज ३ शुभम् ।

२.

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री मोहनप्रकाश सिटौला,** २०६१ सालको दे.पु.नं.९२५७, जग्गा खिचोला चलन, *खैरुन खातुन मियाँ वि. इन्द्रकुमारी साहुनी*

मुचुल्कामा उल्लिखित विवादित न.नं. १०, १४ र १५ मा प्रत्यर्थी वादीको दावीअनुसार खिचोला देखिन नआएको र न.नं.८ र ९ को जग्गा निज प्रत्यर्थी वादी इन्द्रकुमारी साहुनीको कि.नं. २६४ को जग्गाको क्षेत्रफलभित्रको देखिँदा सो न.नं.८ को पर्खाल र न.नं.९ को खाली जग्गामा कि.नं.६२ को पुनरावेदन प्रतिवादी खैरुन खातुन मियाँले खिचोला गरेको देखिने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल

इति संवत् २०६६ साल असार २ गते रोज ३ शुभम् ।

३.

**मा.न्या. श्री दामोदरप्रसाद शर्मा र मा.न्या. श्री सुशीला कार्की,** २०६२ सालको दे.पु.नं. ९५४१, बालि दिलाई मोही निष्काशन, *सफी कुल्ला अन्सारी वि. रामवती देवी*

मोही र जग्गाधनीबीच मोही जग्गा आधा-आधा हुने कानूनी व्यवस्था भएपछि २०५९ सालको बाली नबुझाएको सम्बन्धमा कुतवाली दिलाई मोही निष्काशन गरिपाऊँ भनी चलेको मुद्दामा कुत नबुझाएको हुँदा मोही निष्काशन हुने भूमिसम्बन्धी ऐन, २०२१ को चौथो संशोधन पूर्वको दफा २९(१) को कानूनी व्यवस्था लागू गरी मोही निष्काशन गर्नु कानूनसम्मत र न्यायोचित नदेखिने ।

इजलास अधिकृत : श्रीप्रसाद सञ्जेल

कम्प्युटर : भवानी ढुंगाना

इति संवत् २०६६ साल जेठ २९ गते रोज ६ शुभम्

- यस्तै प्रकृतिको २०६२ सालको दे.पु.नं. ९५३९, कुत दिलाई मोही निष्काशन, *कैयुम मिया वि. रामवती देवी* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

**इजलास नं.८**

**मा.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री कृष्णप्रसाद उपाध्याय,** २०६४ सालको रिट नं. ०९९८, परमादेश समेत, *दुर्गाप्रसाद शर्मा समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

योग्यता पुगेको आधारमा निवेदकहरूलाई स्तरवृद्धि गरी सकेपछि ऐन नियममा भएको पद अनुसारको पदनाम प्रदान गर्न कुनै कानूनले रोक नलगाएको अवस्थामा सामान्य विवेक समेत प्रयोग

नगरी निवेदकहरूलाई पदनाम नदिने कार्य कानूनसम्मत नदेखिने ।

इजलास अधिकृत : शिशिर ढकाल

कम्प्युटरः धनबहादुर गुरुङ्ग

इति संवत् २०६६ साल असार १२ गते रोज ६ शुभम्

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुरूप निर्णय भएका छन् :

- २०६४ सालको रिट नं. १०२७, उत्प्रेषण परमादेश, *भगवती क्षेत्री समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. १०८५, परमादेश, *मुकुन्दप्रसाद चौलागाई वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६५ सालको रिट नं. ००६६, परमादेश, *रामकुमारी लुईटेल (धमला) समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०१४१, उत्प्रेषण परमादेश, *सुर्यनारायण नायक वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६५ सालको रिट नं. ०१७२, परमादेश समेत, *प्रेमप्रसाद ज्ञावाली समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०५५७, उत्प्रेषण परमादेश, *दुर्गादेवी शर्मा वस्याल समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०५८७, उत्प्रेषण परमदेश, *अनिरुद्रप्रसाद मेहता वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०७०२, उत्प्रेषण परमादेश, *मञ्जु दहाल (भट्टराई) समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६५ सालको रिट नं. ०८८६, परमादेश समेत, *राजेश्वरी विष्ट समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६५ सालको रिट नं. ०८८७, परमादेश समेत,चन्द्र*कान्त ढुङ्गाना वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०९८७, उत्प्रेषण परमादेश, *ओमकुमारी थापा समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत,*
- २०६४ सालको रिट नं.०४७७, उत्प्रेषण परमादेश, *गोपालप्रसाद नेपाल वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत,*
- २०६४ सालको रिट नं. ०४९२, उत्प्रेषण परमादेश, *रामकृष्ण यादव समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०५३०, परमादेश समेत, *सिंहमल बुढा समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०९८८, उत्प्रेषण परमादेश, *रमा पाठक कडरिया समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६५ सालको रिट नं. ००६७, परमादेश, *लालबाबु राय यादव वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०५५६, परमादेश समेत, *मधुराज पौडेल समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०९७०, उत्प्रेषण परमादेश, *अर्जुन कार्की वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०४५०, उत्प्रेषण परमादेश, *पुनितप्रसाद चौधरी समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*
- २०६४ सालको रिट नं. ०५३६, परमादेश समेत, *अजयकुमार सिँह समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

- २०६४ सालको रिट नं. १०४९, परमादेश, *ममता श्रेष्ठ समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत*

**इजलास नं.९**

१.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री प्रेम शर्मा,** २०६५-CR-०३८१, कर्तव्य ज्यान, *जयबहादुर थिङ तामाङ वि. नेपाल सरकार*

अ.बं १८८ नं. को प्रयोग सम्बन्धमा भवितव्य हो कि भन्न हुनेसम्मको शंकाले वा अपराध हुँदाको अवस्था विचार गर्दा कसूरदारलाई ऐनबमोजिमको सजाय गर्दा चर्को पर्ने भई इन्साफकर्ताको चित्तमा लागेमा सजाय घटाउन सकिने अवस्था भएकाले प्रस्तुत मुद्दामा प्रतिवादीले बाटो ढुकी एक्कासी मृतकलाई छुरी प्रहार गरी हत्या गरेको अवस्थामा अ.वं १८८ नं. प्रयोग गरी सजाय घटाउन नमिल्ने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

इति संवत् २०६६ साल असार २४ गते रोज ४ शुभम् ।

२.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री रणबहादुर बम,** २०६२ सालको दे.पु.नं. ७८६८, जग्गा खिचोला चलन, *राम औतार ठाकुर वि. गुजाई यादव समेत,*

एकपटक मुद्दा परी सक्षम अदालतले निर्णय दिई अन्तिम भएपछि त्यस्तो निर्णयलाई पालना गर्नु मुद्दाका पक्षहरू लगायत सबैको कर्तव्य हुने ।

इजलास अधिकृत : कमलप्रसाद पोखरेल

इति संवत् २०६६ साल असार २३ गते रोज ३ शुभम् ।

३.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६० सालको स.फौ.पु.नं. ३४७१, कीर्ते जालसाजी, *कृष्णगोपाल मिश्र वि. अमृत सिँह शिख*

मञ्जूरनामाको आधारमा भएका काम कारवाहीबाट विवादित जग्गा निजको नाममा कायम हुन आएको नभै विवादित दृष्टिबन्धक जग्गा फुकुवा गर्ने कार्यमा निज प्रतिवादी साधनसम्म बनेको र निजको हकमा वादीले दावी नै छाडी शुरुमा मिलापत्र गरिसकेको अवस्था हुँदा निजको हकमा मिलापत्र भएकै आधारले मात्र कीर्ते मञ्जूरनामा पेश गरी जग्गा फुकुवा गरिपाउन संयुक्त निवेदन दिई जग्गा फुकुवा भएपछि प्रतिवादीलाई विवादित जग्गा बिक्री गरी राजीनामा पारित गरिदिने प्रतिवादी रमेशकुमार मुराउलाई वादी दावीबाट उन्मुक्ति प्रदान गरी सफाइ दिनु न्यायोचित देखिन नआउने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६६ साल जेठ १९ गते रोज ३ शुभम् ।

- यसै लगाउको २०६० सालको स.दे.पु.नं.९११९, लिखत बदर, *कृष्णगोपाल मिश्र वि. अमृत सिँह शिख* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

४.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री मोहनप्रकाश सिटौला,** २०६० सालको स.वा.फौ.पु.नं.३६८१, बिना इजाजत रुखकाटी हानि नोक्सानी, *दिलकुमारी ताम्राकार वि. नेपाल सरकार*

प्रतिवादीले पेश गरेको कागजलाई वादीले अन्यथा भन्न नसकेको र दावीको ४ किल्लाभित्रको जग्गा सरकारी वन क्षेत्रको कायम हुने गरी प्रतिवादीका नामको जग्गाको दर्ता नै बदर भएपछि त्यस्तो जग्गामा रहेका रुखहरू यिनै प्रतिवादीले नै

काटे कटाएका हुन् भनी प्रमाणित गर्ने ठोस आधार प्रमाण वादी पक्षबाट पेश हुन नसकेको अवस्थामा अनुसन्धानको सिलसिलामा खडा भएको मुचुल्काकै आधारमा मात्र उक्त मुचुल्कामा उल्लेख भएबमोजिम ठुटो रुख र ढलेका रुख थान ४४ यी प्रतिवादीले काटे कटाएका हुन् भनी भन्न नमिल्ने ।

इजलास अधिकृत : हरिराज कार्की

इति संवत् २०६६ साल जेठ १९ गते रोज ३ शुभम् ।

५.

**मा.न्या.श्री गौरी ढकाल र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६० सालको दे.पु.नं. ९१२२, निषेधाज्ञा परमादेश, *टेकबहादुर शाह समेत वि. मगन सिँह थापा*

नाप नक्सा गर्दा क्षेत्रफल, आकृतिमा फरक परी वा अन्य व्यहोराले तेरो मेरोसम्बन्धी प्रश्न उठेमा तोकिएको अधिकारीले मौजुदा स्रेस्ता भिडाई जग्गा दर्ता गर्नेछ भन्ने व्यवस्थासमेत सोही जग्गा नाप जाँच ऐन, २०१९ मा नै भइरहेकोमा कानूनको रीत पुऱ्याई कानूनबमोजिम भएको कार्यमा चित्त नबुझे कानूनले नै तय गरेको मार्ग अवलम्वन गर्नुपर्ने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

इति संवत् २०६६ साल जेठ ३१ गते रोज १ शुभम् ।

- यस्तै प्रकृतिको २०६० सालको दे.पु.नं. ९१२६, निषेधाज्ञा परमादेश, *टेकबहादुर शाह समेत वि. महेन्द्रबहादुर वि.सी.(बुढाक्षेत्री)* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

६.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला,मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६५ सालको फौ.पु.नं. ०७२८, जवर्जस्ती करणी, *नेपाल सरकार वि. तिलकबहादुर विश्वकर्मा*

केवल प्रतिवादीको मौकाको साविती वयानलाई आधार प्रमाण मानी दायर भएको अभियोगबाट प्रतिवादीले जवर्जस्ती करणी गरेको भनी सर्मथन हुने गरी सबूद प्रमाण पेश दाखिल गर्न नसकेको अवस्थामा कसूर ठहर गर्न न्यायोचित नहुने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

इति संवत् २०६६ साल असार २८ गते रोज १ शुभम् ।

७.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६५ सालको फौ.पु.नं. ०६९७, बहु विवाह, *नेपाल सरकार वि. लालकुमारी योन्जन (घिसिङ) समेत*

जेठी श्रीमती जाहेरवाली जमुना घिसिङले २०५९ साल भदौ महिनामा नै प्रतिवादीहरूले बहुविवाह गरेको थाहा पाएको भनी बकपत्र गरेको भएपनि बहुविवाह गरेमा प्रतिवादीहरूलाई कारवाही गरिपाऊँ भनी मिति २०६०।९।६ मा मात्र जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा जाहेरी दरखास्त दर्ता गरेको र सो मितिबाट नै नेपाल सरकारले थाहा पाएको मान्नुपर्ने भई मुलुकी ऐन विहावारीको महलको ११ नं. को म्याद ३ महिनाभित्र अभियोग पत्र दायर भएको देखिँदा यो मुद्दा हदम्यादभित्रै दायर भएको देखिने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

इति संवत् २०६६ साल असार २८ गते रोज १ शुभम् ।

८.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६४ सालको दे.पु.नं. ०८३३, बाली विगो, *उपेन्द्र राय यालव वि. पलट राय यादव समेत*

एउटै तथ्य र विवादको विषयमा कहीँ जग्गानै आफैले कमाई भोग गरिआएको छु भन्ने

उल्लेख हुने कहीँ बाली लुटपीट मुद्दा गरी बिचाराधीन अवस्थामा रहनु र कहीँ वादीले दावी गरेको जग्गामा वाली नै नलगाएको भन्ने र कहीँ वादीले नै वाली आँफै बुझी लगेको भन्ने उल्लेख हुनुबाट बादीको दावी स्पष्ट तथ्यगत आधारमा परेको नदेखिई मनोगत अनुमानको भरमा परेको देखिने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

इति संवत् २०६६ साल असार २८ गते रोज १ शुभम् ।

९.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६५ सालको दे.पु.नं. ०८९७, फैसला बदर गरी सार्वजनिक बाटो खुलाई पाऊँ, *तुलसीकुमार श्रेष्ठ वि. सुन्दर श्रेष्ठ*

पुनरावेदन पनि नपरेको र फैसला बदर समेत नभएको अवस्थामा त्यस्तो फैसलालाई अन्तिम मान्नुपर्ने हुँदा सो फैसलाले गरेको व्यवस्थालाई असर पर्ने वा परिवर्तन गर्ने गरी कसैले फैसला गर्न नसक्ने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

इति संवत् २०६६ साल असार २८ गते रोज १ शुभम् ।

१०.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६५-CR-००७, ठगी, *फरियाद अहमद वि. नेपाल सरकार*

चन्दा आर्थिक सहायता उठाउन अनुमति समेत कहीँ कतैबाट लिएको देखिँदैन, यस्तो अवस्थामा प्रतिवादीबाट भएको कार्यलाई ठगीको अपराध होइन भन्न नसकिने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

इति संवत् २०६६ साल असार २८ गते रोज १ शुभम् ।

११.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६५-CI-००३५, जग्गा खिचोला चलन, *रकिवा शोखिन समेत वि. कैदा खातुन*

प्रतिवादीहरूको भोगको कि.नं. ४८२ को जग्गाको पूर्व पश्चिम लम्बाइ ट्रायल चेकसँग भिडाई हेर्दा ट्रायल चेकमा उल्लिखित लम्बाइ भन्दा भई आएको नापनक्साको न.नं. १४ र १३ को लम्बाइ कि.नं. ४८३ को ट्रायल चेकमा उल्लिखित लम्बाइ भन्दा, न.नं.१२, ११ को लम्बाई र कि.नं. ४८४ को ट्रायल चेकमा उल्लिखित लम्बाई भन्दा न.नं. १०,९ को लम्बाई बढी रहेको देखिई कि.नं. ४८२, ४८३ र ४८४ का जग्गामा खिचोला जनिएका न.नं. १०, १२, र १४ को जग्गा समेत गरी ट्रायल चेक भन्दा बढी नै भोग गरेको देखिन आएको र वादीको न.नं. १५, तथा प्रतिवादीको भोगमा रहेको न.नं. १०, १२ र १४ समेत जोड्दा पनि स्रेस्ता भन्दा कम नै देखिन आएको हुँदा नक्सा मुचुल्कामा उल्लिखित न.नं.१०, १२ र १४ को जग्गा सम्म प्रतिवादीहरूले खिचोला गरेको देखिने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

इति संवत् २०६६ साल असार २८ गते रोज १ शुभम् ।

१२.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६५-CR-०२०६, ठगी, *नेपाल सरकार वि. रामबाबु नहर्की समेत*

जाहेरीको उजूरीबाहेक दावीलाई समर्थन गर्ने कुनै प्रमाण पेश दाखेल गर्न सकेको छैन । केवल ऋण रकम माग गर्ने क्रममा तयार गरिएको लिखतमा साक्षी बसेकै कार्यलाई प्रतिवादीहरूले कसूर अपराध गरेको रहेछ भनी मान्न सक्ने अवस्था नहुने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

इति संवत् २०६६ साल असार २८ गते रोज १ शुभम् ।

१३.

**मा.न्या.श्री राजेन्द्रप्रसाद कोइराला र मा.न्या.श्री गिरीशचन्द्र लाल,** २०६५-CR-००८४, अवैध काठ ओसारपसार, *नेपाल सरकार वि. ओमप्रसाद ढकाल*

अभियोग लगाउने वादी पक्षले आफ्नो दावीलाई स्वतन्त्र प्रमाणबाट पुष्टि गर्न सक्नु पर्दछ अन्यथा अभियोग लगाउँदैमा कुनै व्यक्तिलाई कसूरदार ठहर गरिहाल्न फौजदारी न्यायको सिद्धान्तले नमिल्ने ।

इजलास अधिकृत : नारायणप्रसाद पराजुली

इति संवत् २०६६ साल असार २८ गते रोज १ शुभम् ।

## इजलास नं.१०

१.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री रणबहादुर बम,** २०६४ सालको दे.पु.नं.०६९५, जग्गा खिचोला, *भक्तबहादुर श्रेष्ठ वि. शोभाकुमारी शेर्पा*

नक्सा मुचुल्काको न.नं.३, ४, ८ मा प्रत्यर्थी वादीको कि.नं.५४४ भित्रको निर्बिवाद जग्गामा ज.रो. ०-४-३-० मात्र देखिन आएको छ । निजको दर्ता स्रेस्ता र ट्रायल चेकबाट समेत देखिएको क्षेत्रफल ०-५-० भएकोले जग्गा नपुगी कम रहे भएको देखिन्छ । सो बिवादको न.नं. ५ को ज.रो. ०-०-१-० लाई प्रत्यर्थी वादीको उक्त निर्बिवाद क्षेत्रफल ०-४-३-० मा जोड्दा मात्र ज.रो. ०-५-०-० भई निजको कि.नं.५४४ को वास्तविक क्षेत्रफल दर्ता स्रेस्ताअनुरूपको जग्गासँग मिल्न भिड्न आउँछ । यसबाट समेत बिवादको जग्गा पुनरावेदक प्रतिवादीको होइन रहेछ भन्ने कुरा प्रष्ट रुपमा देखिने ।

इजलास अधिकृत : पूर्णेश्वरप्रसाद उपाध्याय

इति संवत् २०६६ साल जेठ ३ गते रोज १ शुभम् ।

२.

**मा.न्या.श्री ताहिर अली अन्सारी र मा.न्या.श्री प्रकाश वस्ती,** २०६३ सालको दे.पु.नं.८९३८, अंश, *बद्री थापा वि. रामबहादुर थापा समेत*

भिन्न-भिन्न अंशियारका नाममा केही जग्गा दर्ता रहेको भिन्न-भिन्न स्थानमा बसोबास रहेको, भिन्ना-भिन्नै पेशा, व्यवसाय वा रोजगारी गरेको वा एक अंशियारले अर्को अंशियारबाट शेषपछि वा हालैको बकसपत्र लिए, दिएको वा एक अंशियारले अर्कोको नामबाट अन्य अंशियारको मञ्जूरीबाट नामसारी गराएको लगायत यावत् कुराहरू घटनाक्रमहरूबाट उक्त अंशियारहरू कानूनको दृष्टिमा भिन्न भइसकेको प्रमाणित नहुने ।

इजलास अधिकृत : दीपक ढकाल

इति संवत् २०६६ साल २४ गते रोज ४ शुभम् ।

३.

**मा.न्या. श्री प्रेम शर्मा र मा.न्या. श्री गिरीशचन्द्र लाल,** २०६१ सालको रिट नं. ३६४१, उत्प्रेषण आदेश, *लाल बिहारी दास कायस्थ वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेत*

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को परिधिभित्र रही आफ्नो क्षेत्राधिकारभित्र अनुसन्धान तहकिकात र अभियोजन गर्नसक्ने देखिएपनि मालपोत ऐन, ०३४ को दफा २४ बमोजिम गर्नु भनी मालपोत कार्यालयकै अधिकारक्षेत्रमाथि हस्तक्षेप गर्न नमिल्ने ।

इजलास अधिकृत : खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल ४ गते रोज ५ शुभम् ।

- यस्तै प्रकृतिको २०६१ सालको रिट नं.३६४२, उत्प्रेषण, *लाल बिहारीदास कायस्थ वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेत* भएको मुद्दामा यसैअनुरूप निर्णय भएको छ ।

## एकल इजलास

१

**मा.न्या.श्री प्रेम शर्मा,** २०६६ सालको रिट नं. ०००९, बन्दीप्रत्यक्षीकरण, *संजयकुमार स्याङ्वा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय समेत*

अधिकारप्राप्त अधिकारीले फौजदारी अपराधको अनुसन्धानको सिलसिलामा कसैलाई विधिवत रुपमा थुनुवा पूर्जि दिई विधिवत रुपमा म्याद थप गराई थुनामा राखेको कार्यलाई बन्दीप्रत्यक्षीकरणको निवेदनद्वारा गैरकानूनी थुना भनी उन्मुक्ति प्रदान गर्दै जाने हो भने सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ ले प्रदान गरेको फौजदारी अपराधको तहकिकात तथा अनुसन्धान गर्न पाउने कानूनी दायित्व माथि प्रत्यक्ष हस्तक्षेप भै सो ऐनको उद्देश्य प्रतिघात हुन जाने भएकाले यस्तो अवस्था र स्थतिमा बन्दी प्रत्यक्ष गैरकानूनी थुनामा रहेको भन्ने तथ्यमा अदालत विश्वस्त र आश्वस्त नभएको अवस्थामा थुनामा रहेको बन्दीलाई गैरकानूनी थुनामा रहेको भन्न नमिल्ने ।

इजलास अधिकृतः खड्गबहादुर श्रेष्ठ

इति संवत् २०६६ साल साउन ३२ गते रोज १ शुभम् ।

२.

**मा.न्या.श्री मोहनप्रकाश सिटौला,** रिट नं.०६५-WO-०९६१, प्रतिषेध, उत्प्रेषण तथा परमादेश, *सुनिल गुप्ता वि. राजश्व अनुसन्धान विभाग समेत*

निवेदकले उल्लेख गरेका निकायबाट भएको निर्णय, आदेश वा फैसलालाई सम्बन्धित पक्षहरूले नै स्वीकारी बसेको अवस्थामा सरोकार नै नभएको उनाउ व्यक्तिले दिएको निवेदनको भरमा ती निर्णय आदेश वा फैसलाहरू बदर गर्दै जाने हो भने न्यायिक अराजकता उत्पन्न हुन जाने ।

इजलास अधिकृत : दीपककुमार दाहाल

कम्प्युटर : सीता गुरुङ्ग

इति संवत् २०६६ साल असार १७ गते रोज ४ शुभम् ।